# क्व्होलासोथार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय मालिङ ।

गण्डकी प्रदेश लमजुङ, नेपाल

आ.ब.०७६/०७७ को स्थानीय पूर्वाधार सेवा कर काठ तथा जडीबुडी निकासी कर उठाउने ठेक्का बस्दोबस्त सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/०३/२९

आ.ब. २०७६/७७ को लागि स्थानीय पूर्वाधार सेवा शुल्क उठाउन गाउँसभाको निर्णयानुसार तोकिएको दररेटमा उल्लेखित तपशिल बमोजिमका ठेक्काहरुको कर असूली सम्बन्धी ठेक्का बन्दोबस्त गर्न यो प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आ.ब. ०७६/०७७ को फर्म इजाजतपत्र नविकरण पत्र, मुल्य अभिवृद्धि कर/स्थायी लेखा दर्ता प्रमाणपत्र, आ.ब. ०७४/०७५ को फर्म इजाजतपत्र सहित निवेदन साथ रु १०००।— तिरी दरभाउपत्र खरिद गरि १५ औ दिनको १२.०० बजे भित्र तोकिएको शर्तहरुको अधिनमा रहि ठेक्का लिन इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी सिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सूचना।

<u>तपशिल</u>

स्थानीय पूर्वाधार सेवा शुल्क-

| क्र.स. | ठेक्का नं. | सडक –(खण्ड)को नाम | (मू.अ.कर बाहेक) न्युनतम ठेक अंक रु | कैफियत |
|---|---|---|---|---|
| १ | ०१/०७६/७७ | बेसिशहर-भुजुङ सडक | ४,००,०००।- | जिप रु १०० प्रति पटक, बस रु १५० प्रति पटक, टेक्टर, ट्रक, टिप्पर २०० प्रति पटक |
| २ | ०२/०७६/७७ | रामबजार-गिलुङ-साल्मेभञ्जयाङ -भोजे-घाम्राङ-पसगाउँ सडक | २,००,०००।- | जिप रु १०० प्रति पटक, बस रु १०० प्रति पटक, टेक्टर, ट्रक, टिप्पर ३०० प्रति पटक |
| ३ | ०२/०७६/७७ | साल तथा अन्य काठपात जडीबुटी काठपात निकासी | ५०,०००।- | साल प्रति रु ५०० तथा अन्य काठपात जडीबुटी ट्रिप रु ३००।- |

शर्तहरु:

१. शिलवन्दी दरभाउ पत्र पेश गर्दा कुन ठेक्काको लागि दरभाउ पत्र पेश गरेको हो, सो स्पष्ट रुपमा उल्लेख गरी पेश गर्नुपर्नेछ ।
२. शिलबन्दी दरभाउपत्र फाराम ८ औ दिनको १२.०० बजेभित्र जिविसको कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिन २.०० बजे क्व्होलासोथार गाउँपालिकाको कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्ने बाधा पर्ने छैन ।
३. ठेक्का अवधि २०७६ साल श्रावण १ गते देखि २०७७ आषाद मसान्त सम्म १ बर्ष कायम रहनेछ ।
४. दरभाउपत्रमा कवुल अंक र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ ।
५. दरभाउपत्र फाराम खरिद, दर्ता र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।
६. दरभाउपत्र साथ कवुल अंकको ५% धरौटी रकम यस कार्यालयको सिभिल बैंक मालिङ स्थित धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर साथ पेश गर्नुपर्नेछ । दरभाउपत्र दाखिलाका लागि विडवण्ड (बैंक जमानी पत्र) मान्य हुनेछैन ।
७. ठेक्का लिए वापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैंले बुझाउनु पर्नेछ । उक्त करहरु अग्रीम किस्ता सँगै बुझाउनु पर्नेछ । यस्तो कर रकम ठेक्का रकमबाट कटाउन पाइने छैन ।
८. ठेकेदारले प्रथम किस्ता वापत आफूले कवोल गरेको कूल ठेक्का रकम ६०% र नियमानुसार तिर्नु पर्ने सम्पूर्ण कर समेत सम्झौता गर्ने समयमा नै बुझाउनु पर्नेछ। त्यसपछिको बाँकी ४०% किस्ता रकम २०७६ साल पौष मसान्त भित्र बुझाउनु पर्नेछ । तर ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ठ बुझाएमा दश प्रतिशत रकम छुट दिइनेछ ।
९. ठेकेदारले सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाँकी ४०% रकम २०७६ आषाद मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको मान्यता प्राप्त बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी कार्यदेश दिइनेछ । ठेक्का सम्झौता भइसकेपछि गाउपालिकालाई बुझाउनु पर्ने रकमको कबोल अङ्कको कुनै किसिमको मिन्हा दिइने छैन । तोकिएको समयमा किस्ता नबुझाएमा १०% को दरले व्याज सहित थप

१ एक महिना भित्र बुझाउनु पर्ने छ । सो समय भित्र पनि किस्ता नबुझाएमा परफरमेन्स बण्ड बाट व्याज सहित तोकिएको रकम असुल गरिनेछ ।

१० शुल्क उठाउने रसिदहरु ३/३ प्रति ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप र प्रमाणित गराई कार्यालयमा रसिद दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ । कार्यालयको छाप नलगाएको रसिद प्रयोग गरेको पाईएमा प्रत्येक पटक रु ५०००।— का दरले जरिवाना लगाई असुल उपर गर्न सकिनेछ ।

११ करको दररेट सम्बन्धी सूचना सबैले देख्ने गरी तोकिएको स्थानमा टास्नु पर्नेछ । तोकिएको दररेट भन्दा बढी शुल्क लिएको प्रमाण पेश हुन आएमा वा सूचना पार्टी नराखेमा पटकै पिच्छे रु ५०००।— सम्मा जरिवाना गर्न सकिनेछ । निर्देशन पालन नगरेमा कार्यालयले तोकेको जरिवालन लगाउन सक्नेछ ।

१२ नेपाल सरकार र गाउँपालिकाले समय-समयमा दिएको नीति, निर्देशन तथा आदेशको पालन गर्नु ठेकेदारको कर्तब्य हुनेछ । साथै उक्त कर उठाउने सन्दर्भमा कार्यालयले दिएको निर्देशनको पालना गर्नुपर्नेछ । निर्देशन पालन नगरेमा कार्यालयले तोकेको जरिवाना लगाउन सक्नेछ ।

१३ ठेक्का सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ । साथै कुनै कारण जनाई वा निजलाई ठेक्का स्वीकृत गर्ने, अंशिक स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार गा.पा. लाई हुनेछ । बोलपत्र पेश गर्दा बोलपत्र दाताको तर्फबाट कुनै किसिमको सर्त मान्य हुनै छैन । शर्त सहितको बोलपत्रलाई बदर मानिने छ । साथै रित नपूगी वा म्याद नपूगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१४ पटके कर उठाउने प्रयोजनका लागि गाउँपालिकाले कर संकलन केन्द्र तोकिदिन सक्नेछ । ठेकेदारले सो केन्द्र/स्थानमा बसी कर उठाउनु पर्नेछ ।

१५ यस सूचनामा नपरेका कुराहरु प्रचलित एन नियम अनुसार हुनेछन ।

१६ अन्य थप कुराहरु बुझ्न परेमा कार्यालय समयमा सम्पर्क गरी बुझ्नु सकिनेछ ।

१७ बन्द-हडताल, चक्काजाम लगायत अन्य मनव सिर्जित कारणबाट हुने अवस्थाको कारण छुट वा मिन्हा दिन सकिने हुँदा बोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिइने छैन । साथै कर छुट वा मिन्हा माग गर्न पाइने छैन ।

१८ कर संकलन सम्बन्धमा गा.पा. बाट अनुगमन हुन सक्ने ।